कर्णाली प्रदेश सरकार
# कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति :

## चमेना गृह सञ्चालनका लागि बोलकबोलद्वारा छनोट सम्बन्धी सूचना

सूचना नं. ०९।२०८३-०८४
(प्रथम पटक प्रकाशित २०८३।०६।१४)

प्रस्तुत विषयमा यस प्रतिष्ठान अन्तर्गत विभिन्न महाशाखाहरूको कार्यालय परिसर भित्र चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धमा मिति २०८३।०६।०७ गते प्रकाशित सूचना अनुसार लागत अनुमान प्रयोजनका लागि कार्यालयमा प्राप्त भएका दररेटहरूलाई आधार मानी औषत मूल्य अनुसार खाजा/खाना परिकारहरूको दररेट कायम गरिएको र चमेना गृह (क्यान्टिन) को मासिक भाडादरको आधारमा बोलकबोल प्रक्रियाबाट छनोट गरिने भएकोले इच्छुक दर्ता भएका होटल तथा रेष्टुरेन्ट व्यवसायीक फर्महरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रू. १,०००।- (अक्षेरूपी: एक हजार रूपैयाँ मात्र) दस्तुर तिरी तपसिल बमोजिमका शर्तहरू रहने गरी सिलबन्दी प्रस्ताव पेस गर्नुहुन प्रतिष्ठानको मिति २०८३।०६।१४ गतेको निर्णयानुसार सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. **संलग्न कागजातः** निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्राप्त प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कबोल मासिक भाडा रकम तोकिएको पत्र, खाना/खाजाको प्रस्तावित कबोल दररेट प्रमाणित गरी समावेश गर्नुपर्नेछ।

२. **निवेदन दिने समयः** मिति २०८३।०६।१४ गतेदेखि २०८३।०६।२८ गते मंगलबार दिनको १२:०० बजेभित्र।

३. **चमेना गृहको न्यूनतम मासिक भाडा र धरौटीः** प्रतिष्ठानको विभिन्न महाशाखाहरू अन्तर्गतका कार्यालयमा चमेना गृह (क्यान्टिन) सञ्चालनको लागि देहायबमोजिमको न्यूनतम मासिक भाडादर निर्धारण गरिएको हुँदा सो भन्दा माथी आफ्नो कबोल रकम निवेदनमा अनिवार्य रूपमा खुलाउनुपर्नेछ।

| क्र.सं. | कार्यालयको नाम | ठेगाना | न्यूनतम मासिक भाडादर | धरौटी रकम |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत | वीरेन्द्रनगर नगरपालिका-८, सुर्खेत (दैलेख रोड) | ८,०००/- | ४८,०००/- |
| २ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत | वीरेन्द्रनगर नगरपालिका-६, सुर्खेत (साविक मानव संशाधन विकास केन्द्र) | ५,०००/- | ३०,०००/- |
| ३ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत | वीरेन्द्रनगर नगरपालिका-५, सुर्खेत (साविक कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र) | ३,०००/- | १८,०००/- |

४. **प्रस्ताव पेश गर्ने निकायः** छुट्टाछुट्टै प्रस्ताव पेस गर्न इच्छुक व्यवसायीले फरक-फरक प्रस्ताव शिलबन्दी गरी कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, वीरेन्द्रनगर नगरपालिका-८, सुर्खेत (दैलख रोड) को जिन्सी शाखामा पेश गर्नुपर्नेछ।

५. **क्यान्टिन संचालन समयः** कम्तिमा बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म संचालन गर्नुपर्नेछ।

बुलबुले चोक, वीरेन्द्रनगर-८, सुर्खेत
फोन : ०८३-५२०२८०, ५२२५५४, ५२०१११, ५२१२६५
**Website:** kpta.karnali.gov.np, **E-Mail:** kpta.karnali@gmail.com, **Google Plus Code:** 7MW3HJPF+VC

कर्णाली प्रदेश सरकार
# कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

मिति :

६. **खाजा/खानाको व्यवस्थापनः** प्रतिष्ठानको समय अघि वा पछि समेत कार्य गर्नुपर्ने अवस्था रहेको खण्डमा कार्यालयद्वारा अर्डर भएमा निजहरुको संख्या यकिन गरी क्यान्टिनद्वारा अनिवार्य रुपमा खाना/खाजाको व्यवस्थापन गर्नुपर्नेछ।

७. **खाना/खाजाको दररेट र प्रस्तावः** प्रतिष्ठानद्वारा उपलब्ध गराईएको दररेट पेश गर्ने फारममा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रतिष्ठानबाट उपलब्ध गराइएको खाजा/खानाको दररेट भन्दा बढी हुन पाइने छैन। उक्त दररेट र प्रति प्रस्ताव फारमका लागि रू.१,०००/- जम्मा गरेको सक्कल भौचर पेश गरे पश्चात प्रतिष्ठानको जिन्सी शाखामाबाट उपलब्ध हुनेछ।

८. **छनोटको आधारः** प्रचलित कानून तथा कार्यालयले तोकेका शर्तहरू पूरा गरेका प्रस्तावहरूमध्ये न्यूनतम मासिक भाडा रकम भन्दा सबैभन्दा बढी मासिक भाडा रकम कबोल गर्ने प्रस्तावदातालाई चमेना गृह (क्यान्टिन) सञ्चालनका लागि छनोट गरिनेछ।

९. **प्राथमिकताः** चमेना गृह (क्यान्टिन)मा प्रतिष्ठानका कर्मचारी, सेवाग्राहीहरू र अन्य अतिथिहरूलाई प्राथमिकता दिई सेवा दिनुपर्नेछ।

१०. **बन्देजः** क्यान्टिनमा मदिराजन्य तथा सुर्तीजन्य एवम् बजारमा बेचबिखन गर्न बन्देज गरिएका कुनै पनी सामग्रीहरू विक्रि वितरण गर्न पाइने छैन।

११. **खाजा/खानाको गुणस्तरः** क्यान्टिनबाट उपलब्ध खाजा/खाना गुणस्तरीय र स्वस्थकर हुनु पर्नेछ। गुणस्तरीयता सम्बन्धी गुनासो आएमा क्यान्टिन सञ्चालक स्वयम् जवाफदेही हुनुपर्नेछ।

१२. **बिजुली पानीः** चमेना गृह (क्यान्टिन)का लागि छुट्टै विद्युत्तीय र खानेपानी मिटर जडान हुने र उक्त मिटरमा उठेको बीलको भुक्तानी क्यान्टिन संचालकले गर्नुपर्नेछ।

१३. **फर्निचर तथा अन्य सामग्री व्यवस्थापनः** प्रतिष्ठानद्वारा तोकिएका कक्षमा क्यान्टिन संचालन गर्नुपर्ने र क्यान्टिनलाई आवश्यक थप फर्निचर तथा भाडावर्तनका आवश्यक सामाग्रीहरुको व्यवस्थापन सञ्चालक स्वयमले गर्नुपर्नेछ। निजद्वारा व्यवस्थापन गरिएका सामाग्रीहरुको स्वामित्व समेत निजहरुकै रहने हुँदा सोही बमोजिम व्यवस्थापन गर्न सकिनेछ।

१४. **सरसफाईः** चमेना गृह (क्यान्टिन) सञ्चालकले क्यान्टिन परिसर सरसफाई गर्नुपर्नेछ। साथै फोहोरमैलाको उचित व्यवस्थापन एवम् क्यान्टिन परिसरमा सेवाग्राहिहरूद्वारा हुन सक्ने फोहोरमैलाको व्यवस्थापन समेत क्यान्टिन सञ्चालकले अनिवार्य रूपमा व्यवस्थापन गर्नुपर्नेछ।

१५. **मर्मत संहारः** चमेना गृह (क्यान्टिन) सञ्चालकले पानी, बिजुली बत्ति, पंखा लगायतको आवश्यक सामान्य मर्मत सम्भारहरू स्वयम् आफैले गर्नुपर्नेछ।

१६. **बैंक विवरणः** प्रस्ताव खरिदको रकम कार्यालय कोड नं. ३०१६१६८०१६, राजश्व शीर्षक नं. १४२२९, राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००६ मा र धरौटी वापतको रकम धरौटी खाता नं. ४०८०१००२०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

१७. **प्रचलित कानून बमोजिम हुनेः** यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(राम बहादुर सारू)
शाखा अधिकृत

बुलबुले चोक, वीरेन्द्रनगर-८, सुर्खेत
फोन : ०८३-५२०२८०, ५२२५५४, ५२०१११, ५२१२६५
**Website:** kpta.karnali.gov.np, **E-Mail:** kpta.karnali@gmail.com, **Google Plus Code:** 7MW3HJPF+VC